# भाग ४

## श्री ५ को सरकार
## सामान्य प्रशासन मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले मिति २०४२।१०।१४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणीका श्री सच्चिदानन्द श्रीवास्तवलाई हुलाक सेवा विभागको महा-निर्देशक पदबाट सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा सरुवा गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले देहायका मितिको निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिवस्तरका देहायका अधिकृतहरूलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ ।

| क्र.सं. | नाम र थर | पद र कार्यालय | निर्णय मिति |
|---|---|---|---|
| १. | श्री पशुपतिप्रसाद तिमिल्सिना | मुख्य लेखा नियन्त्रक, कृषि मन्त्रालय । | २०४२।१०।११ |
| २. | श्री कृष्णप्रसाद प्रधान | सह-सचिव, लोक सेवा आयोग । | " |
| ३. | श्री रेखबहादुर भट्टराई | सह-सचिव, मन्त्रिपरिषद् सचिवालय, निरीक्षण टोलीको कार्यालय । | २०४२।१०।१४ |

### सूचना ३

श्री ५ को सरकारले मिति २०४२।१०।२४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| सि.नं. | नाम र थर | साविक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री भक्तबहादुर कोइराला | सह-सचिव, उद्योग मन्त्रालय । | सह-सचिव, गृह मन्त्रालय । |
| २. | डा. गोविन्दप्रसाद काफ्ले | कार्यालय प्रमुख, मन्त्रिपरिषद् सचिवालय, निरीक्षण टोली कार्यालय, सुदूर पश्चिमाञ्चल । | सह-सचिव, राष्ट्रिय योजना विकास क्षेत्र आयोगको सचिवालय । |

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८८